नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मितिः २०८१।४।२८

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय, सबै।
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

**बिषय:** **आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन।**

आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान वित्तिय हस्तान्तरण मार्फत प्राप्त भएको व्यहोरा विदितै छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (सचिवस्तर) मिति २०८१।४।२८ गतेको निर्णयानुसार अनुरोध छ।

**(क) श्रोतको विवरण:-**

(१) अनुदान रकम देहायका श्रोतबाट उपलब्ध गराईएको छ:-

क) बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको नगद अनुदान तर्फबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम।

ख) बजेट उपशिर्षक नं. ३७१००१०३ अन्तर्गत आई.डि.ए. को सोधभर्नामा आधारित ऋण सहायताबाट सञ्चालित युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना।

**(ख) बजेट तथा योजना तर्जुमा प्रक्रिया**

(२) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न "स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)" र राष्ट्रिय योजना आयोगबाट प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" अनुसार बजेट तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) ब.उ.शि.नं. ३७१००१०२ र ३७१००१०३ अन्तर्गत विनियोजन भएको बजेटमा स्थानीय तहबाट श्रोत तथा बजेट साझेदारी गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्न सकिनेछ।

(४) पूर्वाधार निर्माण तथा मर्मतका आयोजनाहरु कार्यान्वयन गरी रोजगारी सिर्जना गर्दा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ३ को 'श्रमिकको ज्याला रकम साझेदारी आयोजना' लाई प्राथमिकता दिनु पर्नेछ। कामका लागि पारिश्रमिक आयोजना तर्जुमा गर्दा सोही कार्यविधिको दफा ४ ले तोकेका सामुदायिक आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(५) पूर्वाधार निर्माण तथा मर्मत आयोजनामा गुणस्तर कायम गर्न स्थानीय तह वा अन्य श्रोतबाट आवश्यकता अनुसार थप बजेट परिचालन गरी पूर्वाधार निर्माण तथा मर्मतको आयोजना सञ्चालन गर्न सकिनेछ।

**(ग) <u>युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी</u>**

(६) ब.उ.शि.नं. ३७१००१०३ अन्तर्गत विनियोजित बजेट तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन **'युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ (संशोधित)'** बमोजिम हुनु पर्नेछ।

(७क) रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेटलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकामा तोकिएको ज्यालादर अनुसार एक सय दिनको रोजगारी उपलव्ध गराउन पुग्ने बेरोजगार संख्यालाई कार्यविधिको दफा २३ बमोजिमको रोजगार आयोजना सञ्चालनमा खर्च गर्नुपर्नेछ।

(७ख) कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिमको लागि बजेट विनियोजन गरि तोकिएका स्थानीय तहले रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेट मध्ये चालीस जना सूचिकृत बेरोजगार लाई युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ संशोधित सहितको परिच्छेद ५ बमोजिम पचास दिनको सीप विकास तथा जीवन उपयोगी तालिम र बाँकी पचास दिन दफा २३ बमोजिमको रोजगार आयोजनामा खटाई रोजगारी उपलव्ध गराउनु पर्नेछ। साथै चालिस जनाभन्दा बढीलाई रोजगारी सिर्जना अन्तर्गत बजेट प्राप्त भएका स्थानीय तहले थप सूचिकृत बेरोजगारलाई कार्यविधिको दफा २३ बमोजिमको रोजगार आयोजनामा खटाई एक सय दिनको रोजगारी

उपलव्ध गराउनु पर्नेछ। सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालनको लागि इकाईले मार्गदर्शन तथा नमुना बोलपत्र कागजात उपलव्ध गराउने छ तत् पश्चात स्थानीय तहले तालिम सञ्चालन गर्नुपर्नेछ।

(८) बुदाँ नम्बर ७ बमोजिमको सीप विकास तालिम सञ्चालन गर्दा तालिम अवधिको ज्याला रकम तालिममा सहभागिताको आधारमा भूक्तानी गर्नुपर्नेछ।

(९) बुदाँ नम्बर ७ बमोजिमको सीप विकास तालिम सञ्चालनको लागि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ को दफा ३३ को उपदफा (१) बमोजिम ईकाइले उपलव्ध गराएको पाँच बिषयका पाठ्यक्रम मध्येबाट तालिम सञ्चालन गर्नुपर्नेछ। सोहि कार्यविधिको दफा ६१ मा व्यवस्था भए वमोजिम सेवा प्रदायकको छनौट गरी तालिम सञ्चालन गर्नुपर्नेछ साथै दफा ६२ मा तोकिए बमोजिम तालिम सञ्चालनको अनुगमन, प्रतिवेदन तथा भुक्तानी गर्नुपर्नेछ।

(१०) बजेट विनियोजन गरी तोकिएका स्थानीय तहहरुमा नमूना रोजगार सेवा केन्द्र सञ्चालन गर्नु पर्नेछ। यसको सञ्चालन तथा व्यवस्थापन 'एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०' ले तोके बमोजिम हुनेछ।

(११) बजेट विनियोजन गरी तोकिएका स्थानीय तहहरुमा रोजगारीको लागि महिला लक्षित तयारी क्लव सञ्चालन गर्नु पर्नेछ। यसरी सञ्चालन हुने रोजगारीका लागि महिला लक्षित तयारी क्लव सञ्चालनको लागि मन्त्रालयले मापदण्ड जारी गर्नेछ।

(१२) "स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन" को लागि उपलव्ध बजेट स्थानीय तहको रोजगार रणनीति तर्जुमा नभएका स्थानीय तहले अनिवार्यरुपमा स्थानीय रोजगार रणनीति तर्जुमा गर्ने कार्यमा लगाउनुपर्नेछ भने रणनीति तर्जुमा भएका स्थानीय तहले आवश्यकता अनुसार सोको अध्यावधिक तथा कार्यान्वयनमा खर्च गर्न सक्नेछन। साथै स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयनको लागि बजेट आवश्यक नभएका स्थानीय तहले

इकाईले तोके बमोजिम आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालनमा खर्च गर्न सक्नेछन्।

(१३) कार्यस्थल सुरक्षा सामाग्रीको लागि उपलव्ध बजेटबाट युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ को दफा ७४ को उपदफा (६) "घ" मा तोकिए बमोजिमका कार्यस्थल सुरक्षा सामाग्री नेपाल सरकारको प्रचलित खरिद विधि बमोजिम खरिद गरी रोजगार आयोजनामा खटिने श्रमिकलाई कामको प्रकृति अनुसार आवश्यक सामाग्री उपलव्ध गराउनु पर्नेछ।

(घ) रोजगार आयोजना छनौट तथा रोजगारी उपलव्ध गराउने सम्बन्धमा

(१४) ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको श्रोत परिचालन गरी रोजगार आयोजना सञ्चालन गर्दा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधित), २०७५' को दफा ५२ अन्तर्गतको सीप तथा क्षमता विकास तालिम र दफा ७० अन्तर्गतका पूर्वाधार निर्माण तथा मर्मत क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ साथै निर्देशिकामा तोकिएको ज्यालादर अनुसार एक सय दिनको रोजगारी उपलव्ध गराउन पुग्ने बेरोजगार संख्यालाई रोजगारी उपलव्ध गराउनुपर्नेछ।

(१५) रोजगार आयोजनामा श्रमिक परिचालन 'बेरोजगार व्यक्तिको सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६' ले तोकेको प्राथमिकताक्रम अनुसार हुनु पर्नेछ। रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाइ काम गर्न इन्कार गरेमा वा तोकिएको आचरण अनुशासन पालना नगरेमा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधित), २०७५' को दफा २२ बमोजिम बेरोजगार व्यक्तिको सूचीबाट हटाउन सक्नेछ।

(ङ) बजेट खर्च, लेखाकंन र प्रतिवेदन

(१६) बजेट खर्च र लेखाकंन स्थानीय तहको प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम गर्नु पर्नेछ।

(१७) बजेट परिचालन गर्दा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधित), २०७५' र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन)

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार

कार्यविधि (संशोधित), २०७९ ले तोके बमोजिमको क्षेत्रमा श्रोतगत बजेट सीमाभित्र रहि खर्च गर्नु पर्नेछ। तोकिएको क्षेत्र भन्दा वाहिर अनुदान रकम खर्च भएमा खर्च गर्ने अधिकार प्राप्त कर्मचारी, पदाधिकारी तथा निकाय स्वयं जिम्मेवार हुनु पर्नेछ।

(१८) स्थानीय तहलाई मन्त्रालयस्तरीय बजेट सूचना प्रणाली (LMBIS) मार्फत हस्तान्तरण भएको अनुदानको श्रोत खुलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्टी गर्नु पर्नेछ। अनुदानको विवरण रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समेत अद्यावधिक गर्नु पर्नेछ।

(१९) स्थानीय तहले खर्चको लेखाङ्कन तथा भुक्तानी गर्दा SuTRA प्रणालीको प्रयोग गर्नु पर्नेछ। रोजगार सेवा केन्द्रको खर्चको भुक्तानीको विवरण EMIS मा मासिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।

(२०) रोजगारी सिर्जना अन्तर्गत विनियोजन भएको बजेट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्नेछ। रोजगार आयोजनाको कार्यान्वयन गर्दा आवश्यक पर्ने औजार तथा निर्माण सामग्री स्थानीय तहले साझेदारी तथा व्यवस्थापन गर्नु पर्नेछ।

(२१) श्रमिकको पारिश्रमिक निर्धारण 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (संशोधित), २०७५' को दफा २७(१) बमोजिम हुनु पर्नेछ।

(२२) निर्देशिकाको दफा २७(२) बमोजिम श्रमिकको पारिश्रमिक भुक्तानी गर्दा सोही निर्देशिकाको दफा २८(१) बमोजिम बैङ्क मार्फत गर्नु पर्नेछ।

(२३) आर्थिक वर्ष २०८१/०८२ का लागि स्थानीय तहलाई उपलव्ध गराइएको अनुदान र खर्चको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हिसाव मिलान गर्नु पर्नेछ। खर्च हुन बाँकी रहन गएको अनुदान कार्यक्रमको नाम, बजेटको श्रोत तथा बजेट उपशिर्षक उल्लेख गरी छुट्टै बैङ्क भौचर भरी २०८२ आषाढ २५ गते भित्र सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र सो को जानकारी कार्यक्रमलाई उपलव्ध गराउनु पर्नेछ।

## (च) रोजगार सेवा केन्द्रको सञ्चालन

(२४) आ.व. २०८१/०८२ को लागि बेरोजगार सूचिकरण नभएका वा ४० जना भन्दा कम सूचीकरण भएको स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक नियुक्ती वा करार सम्झौता नवीकरण गर्ने सम्बन्धमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२५) स्थानीय तहले रोजगार संयोजकको करार सम्झौता नवीकरण गर्दा निर्देशिकाको दफा ४८ को उपदफा ३ बमोजिम मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

## (छ) बजेट शिर्षक र शर्तहरु

(२६) बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको नगद अनुदान तर्फबाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु।

| बजेट उपशीर्षक/कार्यक्रमको नाम | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|---|
| ३७१००१०२/ प्रधानमन्त्री रोजगार कार्यक्रम<br>श्रोत:नेपाल सरकार | २.५.७.५ | रोजगार संयोजकको तलव | रोजगार सेवा केन्द्रमा रोजगार संयोजकको तलब, पोशाक तथा स्थानीय भत्तामा खर्च गर्ने। |
| | २.५.७.६ | रोजगार संयोजकको स्थानीय भत्ता | |
| | २.५.७.७ | रोजगार संयोजकको पोशाक | |
| | २.७.३.७ | रोजगारी सिर्जना | यसै मार्गदर्शनको बुँदा नम्बर १४ बमोजिम कार्यान्वयन गर्ने। |

(२७) बजेट उपशिर्षक नं. ३७१००१०३ अन्तर्गत आई.डि.ए. को सोधभर्नामा आधारित ऋण सहायताबाट युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका क्रियाकलापहरु।

| बजेट उपशीर्षक/कार्यक्रमको नाम | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|---|
| ३७१००१०३/ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना | २.४.१.७ | रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च | रोजगार सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री व्यवस्थापनमा नियमानुसार खर्च गर्ने। |
| | २.४.११.२ | कार्यस्थल सुरक्षा सामाग्री | यसै मार्गदर्शनको बुँदा नम्बर १३ बमोजिम कार्यस्थल सुरक्षा सामाग्री खरिद गर्ने। साथै युवा |

| बजेट उपशीर्षक/कार्यक्रमको नाम | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|---|
| श्रोत: आई.डि.ए.<br>भुक्तानी प्रकार:<br>सोधभर्ना हुने ऋण | | | रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ को दफा ७४ को उपदफा (६) बमोजिम कार्यस्थल सुरक्षा तथा सामग्रीको व्यवस्था गर्ने। |
| | २.५.३.५ | रोजगार सहायकको तलब | रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक तथा प्राविधिक सहायकको तलब, पोशाक तथा स्थानीय भत्ता भुक्तानीमा खर्च गर्ने। |
| | २.५.३.७ | रोजगार सहायकको पोशाक भत्ता | |
| | २.५.३.६ | रोजगार सहायकको स्थानीय भत्ता | |
| | २.५.७.१० | प्राविधिक सहायकको पोसाक | |
| | २.५.७.८ | प्राविधिक सहायकको तलव | |
| | २.५.७.९ | प्राविधिक सहायकको स्थानीय भत्ता | |
| | २.६.४.९३ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | यसै मार्गदर्शनको बुँदा नम्बर १० बमोजिम कार्यान्वयन गर्ने। |
| | २.६.४.३१५ | कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम | यसै मार्गदर्शनको बुँदा नम्बर ७ख, ८ र ९ बमोजिम सीप तथा क्षमता विकास तालिम सञ्चालन गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (संशोधित), २०७९ को दफा ६१ बमोजिम खरिद विधि अपनाई छनौट भएको सेवा प्रदायकले तालिम सञ्चालन गरेवापत नियमानुसार खर्च गर्ने। |
| | २.६.५.३१ | रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ५८ बमोजिम वेरोजगार ब्यक्तिलाई रोजगारीमा खटाउनुपूर्व अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्न नियमानुसार खर्च गर्ने। |
| | २.७.२५.१३१ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गतको बजेट स्थानीय तहको प्राथमिकता तथा 'श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन सम्बन्धी रणनीति, २०७८' ले तोकेका क्षेत्रमा अभियान सञ्चालन गर्न नियमानुसार खर्च गर्ने। |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरवार, काठमाडौं

| बजेट उपशीर्षक/कार्यक्रमको नाम | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|---|
| | २.७.२५.१६२ | महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन | यसै मार्गदर्शनको बुँदा नं. ११ बमोजिम क्लव सञ्चालनमा नियमानुसार खर्च गर्ने। |
| | २.७.२८.१३५ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन तथा आन्तरिक रोजगारी प्रवर्धन अभियान संवन्धि कार्यक्रम सञ्चालन | स्थानीय तहले स्थानीय रोजगार रणनीति तर्जुमा गर्न वा तर्जुमा गरी सकेका स्थानीय तहहरुले रणनीतिक योजना अध्यावधिक गर्न तथा आन्तरिक रोजगारी प्रवर्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालनमा नियमानुसार खर्च गर्ने। |
| | २.७.२८.१३६ | रोजगार संवाद मञ्चको सञ्चालन | एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा २१ बमोजिम रोजगार संवाद मञ्चको सञ्चालनमा नियमानुसार खर्च गर्ने। |
| | २.७.३.८ | रोजगारी सृजना (आई.डि.ए. श्रोत तर्फको) | यसै मार्गदर्शनको बुँदा नं. ७क र ७ख बमोजिम खर्च गर्ने। |
| | २.८.१.१० | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरीक्षण | रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन कार्यमा नियमानुसार खर्च गर्ने। |
| | २.९.९.७ | अन्य विविध खर्च | रोजगार सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने अन्य विविध कार्यमा नियमानुसार खर्च। |

**बोधार्थ:**

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरवार, काठमाडौं।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।

(नबराज सुबेदी)
शाखा अधिकृत